# दिगो विकास लक्ष्यहरुको स्थानीकरण सम्बन्धी नीति, २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०२६/१२/

स्थानीय सरकार

# कैलाश गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कालिकाटारमकवानपुर ,

## दिगो विकास लक्ष्यहरुको स्थानीकरण सम्बन्धी नीति, २०८०

### १.भूमिका:

दिगो विकासका प्रावधानहरुलाई विकासका कार्यमा आन्तरिकीकरण गर्दै समग्र विकासलाई गुणस्तरीय बनाउने उद्देश्य सहित लिइएका विश्वव्यापी लक्ष्यहरुलाई आन्तरिकीकरण गर्दै राष्ट्रिय लक्ष्यमा पुग्न सहयोग हुने गरी दिगो विकासका लक्ष्यलाई स्थानीयकरण गर्ने सन्दर्भमा कैलाश गाउँपालिकाले दिगो विकास लक्ष्यहरुलाई आफ्नो भौगोलिक बनावट अनुकुल हुने गरी स्थानीयकरण गर्ने प्रयास गरेको छ। उपलब्ध स्रोत साधन तथा क्षमतालाई उपयोग गरी दिगो विकासका लक्ष्यमा पग्ने मार्ग तर्फ अग्रसर रहेको छ।

### २.नीतिहरु:

१.स्वास्थ्य तथा सरसफाईका लागि चेतनामुलक कार्यक्रमका साथ गुणस्तरीय बनाउने

२.सन् २०३० सम्म पुर्ण सरसफाईको अनुभूति जनतामा गराइने छ

३.प्रविधियुक्त कृषि, स्वरोजगारीमा बृद्धि र आर्थिक समृद्धिको मार्फत जनताको जीवनस्तरमा सुधार गर्ने

४.साना तथा घरेलु उद्योगहरुलाई प्रोत्सान गरी मर्यादित काम र उचित पारिश्रमिकको व्यवस्था गरी स्वनिर्भरतामा जोड दिने

५.सबैलाई अनिवार्य शिक्षाका साथै प्राविधिक, जीवनपयोगी शिक्षाको व्यवस्था गर्ने

६.प्रविधिमा आधारित अपनत्व सहितको गुणस्तरीय शिक्षा प्रदान गर्ने

७.भेदभाव रहित समानतामा आधारित समाजको निर्माणमा जोड दिने

८.सर्वसुलभ तथा पहुँच योग्य शिक्षा प्रणालीक विकास गर्ने

९.गाउँटोल बस्ती सम्म उर्जाको सहज र दिगो उपलब्धता गराउने

१०.स्वरोजगार तथा उद्यमशीलताको विकास गरी उत्पादन र उत्पादकत्वलाई दिगो बनाउने

११.गाउँपालिका भवन तथा पुर्वाधारहरुलाई भरपर्दो र दिगो बनाउने

१२.समानतामा आधारित समाजको निर्माणमा जोड दिने

१३.विपद न्युनिकरणका लागि पुर्व तयारीमा जुटौं भन्ने अभियानलाई साकार पार्न जनशक्ति विकास तथा सामाजिक चेतनामा जोड दिने

१४.सेवा प्रवाह छिटो छरितो तथा दिगो गुणस्तरीय बनाउन घुम्ति सेवा सहित जन आवश्यकता र मागमा आधारित बनाउने

१५.आधारभूत सेवा पुग्ने गरी स्वास्थ्य र मर्यादित बसोबासलाई जोड दिने

## ३.कार्ययोजना:

| क.सं. | कार्यक्रम | क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | लागत | समय | उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|---|
| १ | तत्कालीन कार्यक्रम | • तालिम संचालन<br>• गाउँटोल परिचालन<br>• शिक्षा, सरसफाइ र खानेपानीको प्रयोगको अवस्था सुधार ल्याउन जनचेतना कार्यक्रम | गाउँपालिका | | आवश्यकतानुसार | २ वर्ष | चेतना विकास हुने |
| २ | मध्यकालीन कार्यक्रम | • भवन तथा आवश्यक पूर्वाधार निर्माण<br>• प्राविधिक शिक्षा संचालन | गाउँपालिका | संघ, प्रदेश | आवश्यक्तानुसार | ५ वर्ष | सेवा प्रवाह सहज तथा साक्षरता दर बृद्धि हुने |
| ३ | दीर्घकालीन कार्यक्रम | • विकासको एकीकृत नीति तयार गर्ने<br>• बाह्य लगानी भित्र्याउने<br>• पालिकास्तरको सर्वेक्षण गरी अन्य रणनीति लिने | गाउँपालिका | संघ, प्रदेश | आवश्यक्तानुसार | ५ वर्ष भन्दा बढी | लिएका लक्ष्य पुरा भई गुणस्तरीय सेवा प्रदायकको रुपमा गा पा स्थापित हुने |